का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १८, अंक १३५
❒ ३० असार २०७७, मंगलबार
❒ 14 July 2020, Tuesday
www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily
राष्ट्रिय दैनिक

| अपडेट: सोमबार साँझसम्म | | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|---|
| | नेपालमा | १६९४५ जना | १०२९४ जना | २८९३७१ | ६६१३ | ३८ जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | १ करोड ३० लाख ९७ हजार | ७६ लाख २५ हजार | ५ लाख ७२ हजार | ४८ लाख ९९ हजार |

स्रोत : वर्ल्डोमिटर डटकम

## चल्न थाल्यो सार्वजनिक यातायात



**काठमाडौं/मस-** काठमाडौं उपत्यकामा सरकारले तोकेको मापदण्ड अनुसार सार्वजनिक यातायात सञ्चालनमा आउन थालेका छन् । सरकारले विशेष स्वास्थ्य सुरक्षालाई ध्यान दिएर सार्वजनिक यातायात सञ्चालन गर्न दिने निर्णय गरेको थियो । त्यही निर्णय अनुसार काठमाडौं उपत्यकामा सञ्चालनमा रहेका केही यातायात कम्पनीहरुले यातायातका साधन सञ्चालनमा ल्याएका हुन् ।

महानगर यातायात, मयुर यातायात, संयुक्त यातायात लगायतले सोमबारदेखि गाडी सञ्चालनमा ल्याएका हुन । बस रोकिदा व्यवसायीहरुलाई नोक्सानी बढ्दै जाने भएकाले तोकिएको मापदण्ड अनुसार बस सञ्चालन गरिएको व्यवसायीहरुले बताएका छन् ।

सरकारले एक पंक्तिको एउटा सिटमा एकजना मात्रै राख्ने र ५० प्रतिशत बढी भाडा लिने गरी सेवा सुचारु गर्न सकिने मापदण्ड तयार गरी सार्वजनि यातायात सञ्चालन गर्न दिने निर्णय गरेको थियो ।बसमा यात्रा गर्ने यात्रुले अनिवार्य मास्कको प्रयोग गर्नुपर्ने छ ।

यातायात व्यवसायीका संगठनहरुले भने विभिन्न माग राख्दै यातायात सञ्चालन नगर्ने बताउँदै आएका छन् । सरकारले लकडाउन खुकुलो बनाई केही क्षेत्रलाई सञ्चालन गर्न दिएछि सार्वजनिक यातायात व्यवसायीहरुले पनि यातायात सञ्चालन गर्नुपर्ने माग गर्दै आएका थिए ।

तर, तिनै व्यवसायीहरुले सरकारले सार्वजनिक यातायात खुलाउने निर्णय गरेपछि भने आफ्ना माग बाँकी पृष्ठ २ मा

## मनसुनपछि ८५ को मृत्यु, ४६ बेपत्ता



**काठमाडौं/रासस-** सरकारले यस वर्षको मनसुन शुरु भएयता बाढी र पहिरोमा परी ८५ जनाको मृत्यु हुनका साथै ४६ जना बेपत्ता भएको जानकारी दिएको छ । प्रतिनिधिसभा, राज्यव्यवस्था तथा सुशासन समितिको बैठकमा मुलुकका विभिन्न भागमा भएका बाढी र पहिरोका घटनाबाट १३४ घर पूर्णक्षति भएको गृहमन्त्रालयका सचिव महेश्वर न्यौपाने बताए ।

२०७२ को भूकम्पबाट अतिप्रभावित सिन्धुपाल्चोक, गोरखा र रसुवालगायतका जिल्ला नै बाढी पहिरोबाट अति जोखिम क्षेत्रका रुपमा रहेको जानकारी दिँदै गृहमन्त्रालयले हालसम्मको अवस्था विश्लेषणबाट प्रदेश नं २ का जिल्लामध्ये रौतहट बढी प्रभावित पाइएको बताएको छ ।

बाढी पहिरोबाट १४ जिल्लाका ११ हजार घर उच्च जोखिमा रहेकामा ७०७ घर भने तत्काल स्थानान्तरण गर्नुपर्ने अवस्थामा रहेको जानकारी दिइएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी निर्देशक अनिल पोखरेलले बाढी र पहिरोबाट मध्यपहाडी र डुबानबाट तराईका जिल्ला अति जोखिममा रहेको जानकारी दिए ।

"विगत १० वर्षको बाँकी पृष्ठ २ मा

# व्यर्थै बन्ने डर



"मैले नेतृत्व गरेको सरकारको सारा ध्यान र संम्पूर्ण प्रयाश महामारी र विपत्तिमा परेका नागरिकको जिउधनको रक्षामा केन्द्रित छ ।"

**केपी शर्मा ओली**
प्रधानमन्त्री एवम् अध्यक्ष, नेकपा



"कोही राष्ट्रवादी र कोही राष्ट्रघाती हुँदैनन् । सवै मिलेर देशका पक्षमा लडेछौं । सबै राष्ट्रवादी हौं ।"

**पुष्पकमल दाहाल प्रचण्ड**
अध्यक्ष, नेकपा



"अब दुई अध्यक्षले मात्रै निर्णय गरेर हुँदैन । पार्टीले निर्णय गरेर नेकपाको विवाद हल गरिनुपर्छ । ४ मंसिरको निर्णय मान्य हुँदैन ।"

**झलनाथ खनाल**
बरिष्ठ नेता, नेकपा

मुलुकभर आएको बाढी, पहिरो र डुबानका कारण भनिए पनि स्थायी कमिटी बैठक एक साता स्थगित गर्नुका पछाडि नेकपाभित्र उत्कर्षमा पुगेको आक्रोश बिराम गर्नु थियो । तर, केही दिन यताका शीर्ष नेताहरूको अभिव्यक्ति हेर्दा भने यो प्रयास पनि व्यर्थै बन्ने संभावना बढी देखिएको छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २९ असार ।

मुलुकभर आएको बाढी, पहिरो र डुबानका कारण भनिए पनि स्थायी कमिटी बैठक एक साता स्थगित गर्नुका पछाडि नेकपाभित्र उत्कर्षमा पुगेको आक्रोश बिराम गर्नु थियो । तर, केही दिन यताका शीर्ष नेताहरुको अभिव्यक्ति हेर्दा भने यो प्रयास पनि व्यर्थै बन्ने संभावना बढी देखिएको छ ।

गएको असार १० गते शुरु भएको स्थायी कमिटी बैठक पार्टी विभाजनको प्लेटफर्म बन्ने त्रास बढेको थियो । त्यही त्रास टार्न विशेषगरी दोस्रो तहका नेताहरु लागी परे । कृषि तथा पशुपन्छी विकास मन्त्री घनश्याम भूसालको संयोजनमा तीन खेमाका नेताहरु प्रदीपकुमार ज्ञवाली, बिष्णु रिमाल, शंकर पोखरेल, योगेश भट्टराई, सुरेन्द्र पाण्डे, जनार्दन शर्मा, टोपबहादुर रायमाझी, मणि थापा, वर्षमान पुन, लेखराज भट्टले नेतृत्वमाथि हस्तक्षेपकै चेतावनी दिएका थिए ।

असार २५ गतेसम्म सिंहदरबारमा बसेको यो समूहको बैठकले सहमतिको प्रयास गर्नुपर्ने, त्यसका लागि आवश्यक परे समय लिन सक्ने र त्यसो हुन नसके पार्टी विभाजन रोक्न आफूहरु हस्तक्षेपको तयारीमा लागेको निष्कर्ष नेतृत्वलाई नै सुनाएका थिए । बैठक पछाडि मन्त्री भूसाल बालुवाटार सन्देश लिएर असार २५ गते साँझ पुगेका थिए ।

यसपछि भने असार २६ गते सूचनाका आधारमा एक साता अर्थात् साउने संक्रान्ति मनाएर मात्रै बैठक बस्ने जानकारी दिइयो । नेताहरुले यो एक सातालाई युद्ध बिरामको संज्ञा दिएका थिए । तर, सोही दिन प्रधानमन्त्री केपी शर्मा ओलीले देशबासीको नाममा गरेको सम्बोधन र भोलिपल्ट चितवन पुगेर अर्का अध्यक्ष पुष्पकम दाहाल प्रचण्डले गरेको भाषणले थोरै आशा मात्रै जगाउन सकेको छ ।

बरु, आशंका भने बढाएको छ । किनभने, प्रधानमन्त्री ओलीले दुवै पद नछोड्ने संकेत सम्बोधन मार्फत दिएका छन् भने प्रचण्डले त आफू माथि लागेको आरोपको कडा भाषामा खण्डन गरेका छन् । प्रचण्डले आफ्नो खेमालाई भारतीय दलाल बनेकोमा कडा आपत्ति जनाएका छन् । अर्का महत्वपूर्ण नेता झलनाथ खनालले अझ एक कदम अगाडि बढेर दुई अध्यक्षले गरेको निर्णय मान्ने नहुने बताएका छन् । उनले पार्टीको निर्णय पार्टीमै हुनुपर्ने बताएका छन् ।



असार १४ गते प्रधानमन्त्री ओलीले आफूलाई हटाउन भारतीय दूतावास सक्रिय भएको र नेपालकै नेताहरुले राजीनामा मागेको बताएका थिए । प्रधानमन्त्री ओलीको यस्तो अभिव्यक्ति पछि उनको दुवै पदबाट राजीनामा मागिएको छ भने ओलीले जवाफमा वर्षे अधिवेशन अन्त्य, मन्त्रीहरुलाई बोलाएर कित्ता प्रष्ट पार्नेसम्मका कदम चालेका छन् ।

## उच्च संख्यामा डिस्चार्ज

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ असार ।

गएको माघ ९ गतेबाट नेपालमा पहिलो संक्रमित भेटिएका थिए । त्यस यताको ६ महिनामा नेपालमा संक्रमित संख्या १६ हजार ९४५ जना पुगेका छ । तर, सोमबार भने नेपालमा उच्च संख्यामा एकै दिन संक्रमित डिस्चार्ज भएका छन् । गएको २४ घण्टामा एक हजार सात सय पाँच जना संक्रमित डिस्चार्ज भएका छन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले नियमित पत्रकार सम्मेलन गरी डिस्चार्ज हुनेको संख्या १० हजार २९४ पुगेका छन् । अर्थात् डिस्चार्ज हुने प्रतिशत ६० दशमलव सात प्रतिशत पुगेको छ । सोमबार संक्रमित संख्या भने १४४ जना थपिएका छन् ।

विभिन्न २५ प्रयोगशालामा गरिएका पाँच हजार ८५६ नमूना परीक्षणमा ८२ जनामा संक्रमण पुष्टि भएको जानकारी दिए । यो सहित संक्रमित संख्या १६ हजार ९४५ पुगेको छ । प्रदेशगत रुपमा संक्रमण पुष्टि हुनेमा प्रदेश नं १ मा छ, प्रदेश नं २ मा ४१, बागमती प्रदेशमा १३, गण्डकी प्रदेशमा आठ, प्रदेश नं ५ मा १४, बाँकी पृष्ठ २ मा

### संख्या सय प्रकरण

## टुंगोमा पुऱ्याउन मुख्य सचिवलाई निर्देशन

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ असार

प्रधानमन्त्री केपी शर्मा ओलीले वैदेशिक रोजगारीमा एक सय जना कामदार पठाउन नपाएका म्यानपावर कम्पनीहरुको ईजाजतपत्र नवीकरण गर्न प्रवन्ध मिलाउन मुख्य सचिव लोक दर्शन रेग्मीलाई निर्देशन दिएका छन् । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री रामेश्वर राय यादवले गतवर्ष मलेसियाको रोजगारी बन्द रहेको र चालु आर्थिक वर्षको ४ महिना कोरोना भाइरस (कोभिड-१९) का कारण विभागले नै श्रम स्वीकृति बन्द गरेको कारणसहित वैदेशिक रोजगारीमा एक सय जना कामदार पठाउन नपाएका म्यानपावर कम्पनीहरुको ईजाजतपत्र नवीकरण गर्ने व्यवस्थाका लागि कानून मन्त्रालयको राय लिएर मन्त्रिपरिषद्मा प्रस्ताव लगेका थिए । प्रस्ताव मन्त्रिपरिषद्मा पेश भएपछि प्रधानमन्त्री ओलीले त्यस विषयलाई टुंगोमा पुऱ्याउने जिम्मा मुख्य सचिव रेग्मीलाई दिएको श्रोतले बतायो ।

कोरोना भाइरस संक्रमणपछि गत चैत १६ गते बसेको मन्त्रिपरिषद्को बैठकले लकडाउनका कारण प्रभावित सबै पक्षलाई कर छुट तथा अन्य सहुलियत दिने निर्णय गर्दै वैदेशिक रोजगार ऐन २०६४ मा रहेको व्यवसायीहरुको ईजाजतपत्र नवीकरणका लागि वार्षिक एक सय जना कामदार पठाएको हुनुपर्ने व्यवस्था संशोधन गर्ने निर्णय गरेको थियो ।

गत शुक्रबार प्रतिनिधिसभाको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले कोभिडलगायतका कारणले वार्षिक एक सय कामदार वैदेशिक रोजगारमा पठाउन नपाएका म्यानपावर कम्पनीको ईजाजतपत्र नवीकरणमा सहजीकरण गरिदिन सरकारलाई निर्देशन दिएको थियो ।

त्यसपछि वैदेशिक रोजगार विभागले शुक्रबारदेखि सय जना कामदार वैदेशिक रोजगारीमा पठाउन नसेकेका म्यानपावर कम्पनीहरुको निवेदन लिन शुरु गरेको छ । तर नवीकरणको नियमित म्याद तीन दिनमात्र बाँकी रहँदा पनि समस्याको समाधान नहुँदा बहुसंख्यक व्यवसायी अन्योलमा देखिएका छन् । व्यवसायीहरुले दश हजार नवीकरण शुल्क बुझाएमा असार मसान्तसम्म र प्रत्येका महिना दश हजार शुल्क तिरेर असोज मसान्तसम्म ईजाजतपत्र नवीकरण गराउन पाउँछन् ।

### वैदेशिक रोजगार विशेष

## 'नेपालीको रोजगारीमा गम्भीर असर'

**काठमाडौं/मस-** अन्तर्राष्ट्रिय मुद्रा कोषले प्रमुख दुई कारण औंल्याउँदै ठूलो संख्यामा अदक्ष नेपाली कामदारले रोजगारी पाइरहेको मध्यपूर्वका देशहरुको आर्थिक स्थिति ईतिहासमै कमजोर अवस्थामा पुग्ने आँकलन गरेको छ । कोषले उक्त क्षेत्रको आर्थिक अवस्था विगत ५० वर्ष यताकै खराव हालतमा पुग्ने आँकलन गरेको हो ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस संक्रमणका कारण जनजीवन असहज भइरहेकाबेला आर्थिक श्रोतको प्रमुख आधार कच्चा तेलको मुल्य तल्लो अवस्थामा पुग्दा आर्थिक अवस्था कमजोर हुने र त्यसले रोजगारीमा भयावह संकट ल्याउन सक्ने कोषको आँकलन छ ।

कोषले उत्तरी अमेरिकाको अवस्था पनि मध्यपूर्व कै जस्तो हुने औंल्याएको छ । यसअघि अन्तर्राष्ट्रिय श्रम संगठन आइएलओले विश्वभर संक्रमणकारुपमा फैलिरहेको कोरोना महामारीले सवा अर्ब मानिसको तलब तथा काम गर्ने समयमा कटौती भई रोजगारी गुमाउन सक्ने आँकलन गरेको थियो । बाँकी पृष्ठ २ मा

## एक महिनामा १६७ शव ल्याइए

**काठमाडौं/मस-** चार्टर उडानबाट एक महिनाको अवधिमा १ सय ६७ वटा नेपालीको शव नेपाल ल्याइएको छ । कोभिड-१९ सञ्चालन व्यवस्थापन केन्द्र (सीसीएमसी) का अनुसार लकडाउनको अवधिमा सरकारले सुरु गरेको चार्टर फ्लाईटमा जेठ २८ गतेदेखि असार २८ गतेसम्मको अवधिमा १ सय ६७ वटा शव पनि नेपाल ल्याइएको हो ।

यस बीचमा २७ हजार बढी नेपाली स्वदेश फर्किएका छन् । यस अवधिमा सबैभन्दा बढी साउदी अरबियाबाट ५९ वटा, मलेसियाबाट ४१ वटा, कतारबाट ४१ वटा, यूएईबाट १० वटा, बहराइनबाट ६ वटा, कुवेतबाट ८ वटा, माल्दिभ्स र ओमनबाट एक/एक गरी १ सय ६७ वटा शव ल्याइएको हो ।

## विज्ञापन रकम भुक्तानीबारे
## अत्यन्त जरुरी सूचना

यस **मध्यान्ह राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका **विज्ञापन एजेन्सी** तथा अन्य **विज्ञापनदाताहरू**ले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम यही **मिति २०७७ असार मसान्त**भित्र भुक्तानी गर्नुहुन पुन सूचित गरिन्छ ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **मध्यान्ह राष्ट्रिय दैनिक** को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको सुबिधासमेत उपलब्ध नगराइने तथा रकम भुक्तन नगर्ने कम्पनी/संस्थाहरुको नाम सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून बमोजिम कार्बाही अगाडी बढाइने व्यहोरा समेत यसै सूचनामार्फत जानकारी गराइन्छ ।

**लेखा शाखा**

**मध्यान्ह**
Madhyanha National Daily
राष्ट्रिय दैनिक

बागबजार, काठमाडौं, फोन नं. : ४२२६३६६, ४२२८२९८
Email: madhyanhadaily59@gmail.com, madhyanhadaily59@yahoo.com

# भारतीय बाँधले तराई क्षेत्र डुबानमा पऱ्यो : गृहमन्त्री थापा

## सीमा नजिक बनेका संरचना तत्काल हटाउन सरकारलाई समितिको निर्देशन

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ असार

गृहमन्त्री रामबहादुर थापाले भारतीय पक्षबाट एकातर्फी रुपमा सीमा क्षेत्रमा सडकरुपी बाँध बनाउँदा नेपाली भूमि डुबानमा परेको बताएका छन् । प्रतिनिधिसभाको राज्य व्यवस्था समितिको आजको बैठकमा उनले भारतले सीमा क्षेत्रमा हस्तक्षेप गरी बनाएको बाँध र संरचना हटाउन नेपाल सरकारले पहल गरिरहेको भएपनि त्यो सार्थक हुन नसकेको बताएका हुन् ।



प्रकृतिक विपत्तिसँगै मानवीय क्रियाकलापका कारण धेरै क्षति हुने गरेको भन्दै गृहमन्त्री थापाले विपद्को न्युनिकरणका लागि एकीकृत बस्ती विकास, वैज्ञानिक रुपमा पूर्वाधार निर्माण तथा जनचेतना जगाउनुपर्ने बताए ।

छलफलमा राष्ट्रिय विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले देशभरका झण्डै ११ हजार घर बाढी पहिरोको उच्च जोखिममा रहेको बताए । ७ सय ४ घरहरु सुरक्षित स्थानमा तत्काल स्थानान्तरण गर्नुपर्ने प्राधिकरणको निस्कर्ष छ ।

बैठकमा गृह सचिव महेश्वर न्यौपानेले सरकारले ७७ वटै जिल्लामा विपद् प्रतिकार्यका लागि तयारी अवस्थामा राखेको जानकारी दिए । यस वर्षको मनसुन शुरु भएयता बाढी र पहिरोमा परी एक सय भन्दा बढीको मृत्यु हुनका साथै ४६ जना बेपत्ता भएको गृह मन्त्रालयले जानकारी दिएको छ ।

सरकारलाई समितिको निर्देशन

यसैबीच समितिले सीमा नजिक बनेका सडक, बाँध, तटबन्ध लगायतका भौतिक संरचनाहरु तत्काल हटाउन सरकारलाई निर्देशन दिएको छ । समितिले अन्तर्राष्ट्रिय मापदण्ड विपरित सीमा नजिकैका क्षेत्रहरुमा निर्माण भएका सडक, बाँध, तटबन्ध लगायतका भौतिक संरचनाहरुलाई तत्काल हटाउन पहल गर्न नेपाल सकरार गृह मन्त्रालयलाई निर्देशन दिएको हो ।

सीमा नजिक बनेका संरचनाहरुले नेपाल तर्फ डुवान परेकोले त्यस्ता संरचनाहरुलाई तत्काल हटाउनुपर्ने समिति सभापति शशी श्रेष्ठले बताइन् । समितिले भु-बनोटको जाँच गरी उच्च जोखिममा रहेका बस्तीहरुलाई अन्यत्र सुरक्षित ठाउँमा स्थानान्तरण गर्न समेत निर्देशन दिएको छ । यस्तै डुवान मुक्त घरको नमुना तयार गरी एकीकृत वस्ती बसाल्न आवस्यक व्यवस्था गर्न निर्देशन दिइएको सभापति श्रेष्ठले बताइन् ।

बाढी पहिरो र डुबानबाट प्रभावितहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गरी स्थायी समाधानका लागि कार्ययोजना वा गुरुयोजना तयार गर्न समेत निर्देशन दिएको छ । समितिले बाढी पहिरो र डुबानबाट पर्न सक्ने असरलाई तत्काल व्यवस्थिगत गर्न स्थानीय तहमा श्रोत साधन सहतिको विपद व्यवस्थापन कार्यालयको स्थापना गर्न समेत निर्देशन दिएको छ ।

बाढी पहिरो र डुबानबाट वेपत्ता भएका हरुको तत्काल खोजी उद्धार गर्ने र बाढीबाट प्रभावित सम्पूर्ण पिडितहरुलाई विभिन्न तहहरुको समन्वयद्धारा एकद्धार प्रणालीमार्फत राहत उपलब्ध गराउन समेत निर्देशन दिएको छ ।

समितिले बाढी प्रभावित क्षेत्रहरुमा स्वास्थ्य सेवा तथा सरसफाई, सर्पद्धंश तथा अन्य औषधि उपचारको अवस्यक व्यवस्था गर्न समेत निर्देशन दिएको छ । विपदको समयमा हुनसक्ने सम्भावित चोरी डकैति, बलात्कार र महिलामाथि हुन सक्ने हिंसाका घटनाहरु प्रति सजग रही भरपर्दो सुरक्षा प्रबन्ध मिलाउन समेत गृह मन्त्रालयलाई निर्देशन दिएको छ ।

यस्तै नेपालमा बन्दै गरेका लोकमार्गको बैज्ञानिक व्यवस्थापन गरी राजमार्ग जोडने सडकहरु, पानीधारलाई समानान्तर बनाउने, रेलमार्ग तथा सडकमा निश्चित दुरीमा पानीको निकासका लागि साइफन कलभर्ट र सडक किनारमा नालाहरु अनिवार्य बनाउने व्यवस्था गर्न समेत निर्देशन दिएको छ ।

# नवलपरासीमा बाढीको त्रास



**सहबान अन्सारी/मध्सान्ह**
नवलपरासी, २९ असार

नवलपरासीमा बिहीबार रातिदेखि परेको अबिरल बर्षाका कारण सरावल गाउँपालिका वडा नं. ५, ६, ७ र पाल्हीनन्दन गाउँपालिका १, शंकरपुर जलमग्न भएका छन् । वर्षाको पानीले निकास नपाएर गाउँहरु डुबानमा हुँदा स्थानीयले सास्ती भोग्नु परेको छ ।

यसैगरी सरावलको वडा नं. ६ मा करिब ३० घर तथा वडा नं. ७ मा १५ घर बिस्थापित भएको स्थानीय घनश्याम चौधरीले मध्सान्ह राष्ट्रिय दैनिकलाई जानकारी दिए । जनप्रतिनिधिहरुले दीर्घकालीन समाधानको उपाय अपनाउन नसक्दा आफुहरु सधैंभरि बाढीको त्रासमा बस्नुपरेको चौधरीले बताए ।

गाउँ तथा बाटोमा पनि घुँडाभन्दा माथि पानी पुगेकाले स्थानीय समस्यामा परेका छन् । भेल पसेर धान बालीमा पुऱ्याएको छ । घरभित्र पानी पस्दा अन्न र पशुचौपाया जोगाउन धौधौ परेको सरावल ६ की सिन्धुली कुर्मीले बताइन् । करिब ३ दिनदेखि बाढी गाउँघरमा पस्दासमेत समस्या बुझ्न कोहिपनि जनप्रतिनिधि नआएको र सम्बन्धित वडाध्यक्षलाई सम्पर्क गर्दा म के गर्नसक्छु र भन्ने जवाफ दिने गरेको सोही ठाउँ बस्ने मैनुद्दिन चुरिहार बताउँछन् ।

गाउँमा पानीको कारणले गर्दा बिषालु सर्प तथा किरा फट्याङ्ग्रा बढेको र १ जनालाई सर्पले टोकेको लक्ष्मिकान्त चौधरीले बताए । लगातार वर्षाको कारण पानीको बहाव बढ्दै गएपछि आसपासका मानिसहरु त्रसित भएका छन् । जिल्लाको प्रतापपुर, सरावल, पाल्हिनन्दन र सुस्ता गाउँपालिका बासिन्दाहरु सधैं बाढी र प्राकृतिक विपद्को जोखिममा रहेका छन् ।

# एक वर्ष नपुग्दै भासियो नारायणगढ–मुग्लिन सडक



**चितवन/रासस–** नारायणगढ-मुग्लिन सडकखण्डको १७ किलोमा सडक थप भासिएपछि सवारी साधन एकतर्फि सञ्चालन गरिएको छ । सोमबार बिहान भासिएको सो ठाउँमा ग्राबेल हालेर दुईतर्फी यातयात सञ्चालनका लागि काम भइरहेको छ ।

डिभिजन सडक कार्यालय भरतपुरका प्रमुख कृष्णराज अधिकारीका अनुसार यसअघि भासिएको ठाउँमा थप भासिएपछि समस्या भएको हो । सो सकडखण्डको १७ र २६ किलो भन्ने स्थानमा सडक बिस्तार गरेको एक वर्ष नपुग्दै भासिएका थियो ।

उनले १७ किलोमा तीनदेखि ३ दशमलब ५ मिटर फराकिलो ३५ मिटर लामो क्षेत्रमा एक फिटजति सडक भासिएको बताए । सो ठाउँमा सडक नौ मिटर फराकिलो छ । सडक ग्राबेलिङ गरेपछि दुईतर्फी सवारी सञ्चालन गर्न सकिने उनले जानकारी दिए ।

सो ठाउँमा विसं २०६० मा सडकमुनिबाट एङ्कर वाल दिएर निर्माण गरिएको थियो । यसैमा समस्या आएको जनाइएको छ । सो क्षेत्रमा तलबाट त्रिशूली नदीले काटेका कारण एङ्कर वालले काम गर्न छाडेको हो । दुई वर्षअघि सो सडक विस्तारको काम गरिएको हो । सडक निर्माण गरिएको एक वर्ष नपुग्दै सो ठाउँ र २६ किलोमा ६ दशमलव ५ मिटर फराकिलो सडक ७० मिटर लामो भाग भासिएको छ । ती दुवै ठाउँमा मर्मतका लागि बोलपत्र आह्वान गरिएको भए पनि बोलपत्र नपरेको सडक विभागले जनाएको छ ।

सडक विभागका महानिर्देशक केशवकुमार शर्माले मर्मतका लागि दुईपटक बोलपत्र आह्वान गर्दासमेत कोही पनि नआएको बताए । प्राविधिकरुपमा दक्ष भएको ठेकेदार कम्पनीले मात्र काम गर्नसक्ने भएकाले जो कोहीले आँट नगरेको बुझिएको छ । ठेक्का नपरेपछि यस वर्षको वर्षात्मा पनि यत्तिकै सडक सञ्चालन गर्नुपर्ने भएको हो । भासिएको क्षेत्र बढेमा वर्षात्को समयमा समस्या आउनसक्ने अनुमान गरिरहेका बेला सो ठाउँमा सडक थप भासिएको हो । यस सडक राजधानी भित्रने र बाहिरिने प्रमुख मार्ग हो । सडकमा दैनिक १० हजार सवारीसाधन आवागमन गर्ने गर्दछन् ।

# सुवेदी दम्पती हत्याका आरोपी १४ वर्षपछि पक्राउ

**काठमाडौं/मस–** १४ वर्ष अगाडि काठमाडौंको सीतापाइलामा भएको दम्पती हत्याका आरोपी सर्लाही घर भएका जेके भनिने जयकिशोर साह पक्राउ परेका छन् । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले ३४ वर्षीय साहलाई असार २८ गते बाँकेबाट पक्राउ गरेको हो । पक्राउ परेका साहलाई सोमबार ब्युरोले पत्रकार सम्मेलन गरि सार्वजनिक गरेको छ ।



२०६३ साल पुस २० गते सीतापाइलामा काठ मिल सञ्चालन गर्दै आएका ४५ वर्षीय नातिकाजी सुवेदी र उनकी श्रीमती सानु सुवेदीको हत्या गरी फरार भएका साहलाई बाँकेस्थित नेपाल-भारत सीमा क्षेत्रबाट पक्राउ गरिएको हो । हत्यामा संलग्न अर्का आरोपी बाँकेका प्रताप राना भने अझै फरार रहेको प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोका प्रमुख डिआईजी सहकुल थापाले जनाकारी दिए ।

हत्या गरेपछि फरार रहेका दुवै जना भारतको लखनउ पुगेको र दुई वर्ष त्यहाँसँगै बसेपछि राना अन्यत्रै लागेको उनको भनाइ छ। साहले भारतमा पुगेर जय शर्मा नामबाट भारतीय रासन कार्डसमेत लिएर बस्दै आएको प्रमुख थापाले जानकारी दिए ।

हत्याका आरोपी दुवै जना त्यही काठ मिलका कामदार हुन् । मिल सञ्चालक सुवेदीसँग भनाभन भएपछि २०६३ साल पुस २० गते राति छुरा प्रहार गरी सुवेदी दम्पतीको हत्या गरेका थिए । उक्त घटनाका बेला साह १५ बर्षका थिए । हत्या गरेपछि फरार रहेका दुवै जना भारतको लखनउ पुगेको प्रहरीले जनाएको छ । दुई वर्ष त्यहाँ सँगै बसेपछि राना अन्यत्रै लागेका थिए । साहले भारतमा पुगेर जय शर्मा नामबाट भारतीय आधार कार्ड समेत लिएर बस्दै आएका थिए ।

# मन्त्री डा. खतिवडाद्वारा प्रेस काउन्सिलको अवलोकन

**काठमाडौं/मस–** सञ्चार तथा सूचना प्रविधि मन्त्री डा युवराज खतिवडाले प्रेस काउन्सिल नेपालको सोमबार अपराह्न अवलोकन भ्रमण गरेका छन् । सो अवसरमा उनले सूचना प्रविधिको विकास, आविष्कार तथा प्रयोग गर्दै नेपाल डिजिटल यात्रामा अगाडि बढ्दै गरेकाले पहिला मन्त्रालय आफैं डिजिटलाइज्ड हुनुपर्ने बताए । सरकार डिजिटल ढाँचामा गइसकेकाले अबको कामकारवाहीमा कागजविहीन प्रविधिको अवलम्बन हुनुपर्नेमा उनको जोड थियो ।



अहिले न्यु मिडियाका रूपमा आएका फेसबुक तथा युट्युबलगायत सञ्जालबाट अराजकता मच्चाउने काम पनि भइरहेकाले यस्ता गतिविधितर्फ सचेत बन्नुपर्ने उनले बताए । 'न्यु मिडियाबाट धेरै मानिसको मान, मर्यादामा आघात पुगेको, सामाजिक, राजनीतिक जीवनमा आँच आएको, मुलुक-मुलुकको सम्बन्धमा खलल पुग्ने गतिविधि भइरहेको प्रति समस्त सञ्चार जगत्को ध्यान जानु जरुरी छ,' सरकारका प्रवक्ता डा खतिवडाले भने ।

त्यस्ता मिडियामाथि कारबाहीको काम काउन्सिलको भएकाले अरुको निगरानी गर्ने निकाय आफैं सजग रहन पनि उनले सुझाव दिए । हालको सञ्चारसम्बन्धी कानूनमा के कस्तो सुधार गर्नुपर्ने हो सुझाव दिन मन्त्री डा खतिवडाले आग्रह गरे । उजुरी मात्रै गर्ने तर कारबाही नहुने भन्ने गुनासो नआओस् भन्दै उहाँले स्वतन्त्रताभित्र जवाफदेहिता पनि हुने धारणा राखे ।

सो अवसरमा प्रेस काउन्सिलका कार्यवाहक अध्यक्ष किशोर श्रेष्ठले काउन्सिलमा पहिले एक हजार सात सय अनलाइन सूचीकरण हुँदा सूचना विभागमा पाँच सय मात्र दर्ता भएको जनाउँदै काउन्सिलमा कानूनी संरक्षणका लागि र विभागमा प्रेस पासका लागि मात्रै दर्ता गराउने गरेको विगतको परिपाटीको चर्चा गरे । उनले मिडियाबाट आएका सामग्री हेर्ने र उजुरी सुन्ने जिम्मा काउन्सिलको भएको बताउँदै यसबीच भएगरिएका कामकारवाहीका विषयमा जानकारी दिए ।

काउन्सिलका प्रमुख प्रशासकीय अधिकृत झविन्द्र भुसालले यस वर्ष हालसम्मकै सबैभन्दा बढी अर्थात् ७२० विद्युतीय माध्यम र १७९ छापा माध्यमसम्बन्धी उजुरी आएको तथा कोभिड-१९ को कहरबीच चार महिनाका अवधिमा १९७ अनलाइनलाई स्पष्टीकरण सोधिएको र दर्ता नभएका १०४ अनलाइनलाई नेपालभित्र सम्प्रेषण हुन नसक्ने गरी कारवाही गरिएको जानकारी दिए ।

सो अवसरमा मन्त्री डा खतिवडाले मिडिया अनुगमन शाखाको अवलोकन प्रक्रियाबारे चासो राखेका थिए । मन्त्री डा खतिवडाको जिज्ञासाबारे सूचनाप्रविधि, अभिलेख र आचारसंहिता अनुगमन (विद्युतीय) शाखा प्रमुख रामशरण बोहराले जानकारी दिएको काउन्सिलले जनाएको छ ।

# 'शिक्षाका दिगो विकास लक्ष्य कार्यान्वयनको तयारी हुँदैछ'

**काठमाडौं/मस–** शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलले दिगो विकास लक्ष्यमा समावेश शिक्षासम्बन्धी लक्ष्यलाई प्रदेश र स्थानीय तहमा कार्यान्वयन गर्न त्यसको प्रारुप तर्जुमाको तयारी भइरहेको बताएका छन् ।



युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगका ३२औं वार्षिकसभामा भर्चुअलरुपमा अध्यक्षता गर्दै मन्त्री पोखरेलले दिगो विकासको लक्ष्य नं ४ मा भएका शिक्षासम्बन्धी प्रतिबद्धता र प्राथमिकताको राष्ट्रिय कार्यान्वयन ढाँचा तयार भइसकेकाले अब प्रदेश र स्थानीय तहमा निर्माण गरिने जनाएका हुन् । संयुक्त राष्ट्रसङ्घले सन् २०३० सम्मका लागि तयार गरेको उक्त लक्ष्यमा सबैका लागि 'समावेशी, समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता र जीवनपर्यन्त सिकाइको प्रवर्द्धन' का विषयवस्तु उल्लेख गरिएका छन् ।

आयोगका अध्यक्ष मन्त्री पोखरेलले राष्ट्रिय शिक्षा नीति, राष्ट्रिय विज्ञान तथा नवप्रवर्तन नीति जारी भइसकेकाले त्यसको कार्यान्वयनमा पनि सरकार लागि रहेकाले विद्यमान कोरोना महामारीको विषम स्थितिमा विज्ञान, प्रविधि र अनुसन्धानलाई आत्मसात् गर्दै सबैले शैक्षिक विकासमा पहल गर्नुपर्नेमा जोड दिए ।

'हाम्रा विश्वविद्यालयले ज्ञान दिने मात्रै होइन, नयाँ युगतर्फ जान लागेको समयलाई बुझेर ज्ञान निर्माण गर्न अनुसन्धानलाई पनि उत्तिकै प्राथमिकता दिनुपर्छ । नयाँ पुस्तालाई सकारात्मकतातर्फ डोऱ्याएर लानसक्ने शिक्षाको विकास गर्न आवश्यक छ,' मन्त्री पोखरेलले भने, 'हामीले थोत्रा कुरा भत्काएर नयाँ बनाउनुपर्छ, यसका लागि तागत चाहिन्छ । सबै शिक्षाकर्मीको जोड यसमा हुनुपर्छ। युनेस्को सचिवालयले पनि यसका लागि नयाँ आर्थिक वर्षको शुरुमै स्पष्ट खाका ल्याएर कार्यान्वयन गरोस् ।'

सभामा वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै आयोगका सहायक महासचिव डा बाबुराम अधिकारीले विषयगत समितिका लागि सम्पर्क व्यक्ति तोकी समन्वय र सहकार्य बढाइने बताउँदै स्रोतसाधनको दायरामा वृद्धि गरिने जनाए । उनले युनेस्को सचिवालय र निजामती स्मारक पार्क, यज्ञडोल सामुदायिक वन पर्या-पर्यटन व्यवस्थापन समितिबीच युनेस्को सङ्ग्रहालय ग्राम निर्माणका लागि सम्झौता भएको पनि जानकारी दिए ।

आयोगले युनेस्को क्लबमा आबद्ध विद्यालयको सङ्ख्या ७४ बाट बढाइ १०५ पुऱ्याउने लक्ष्य दिएको छ । सचिवालयका सचिव खगराज पौडेलका अनुसार नेपाल सरकारबाट चालू आवमा रु एक करोड ५२ लाख निकासा भएकामा रु एक करोड ३२ लाख खर्च भएको छ। सचिवालयले युनेस्को मुख्यालय, पेरिस र अन्य साझेदारीका कार्यक्रम पनि सञ्चालन गर्दै आएको छ ।

युनेस्को काठमाडौंका शिक्षा प्रमुख बलराम तिमल्सिनाले सचिवालयले दीगो विकासका लक्ष्यमा समावेश भएका कार्यक्षेत्रको कार्यान्वयनमा महत्वपूर्ण भूमिका निवाह गर्दै आएको बताए । सभामा पूर्वविज्ञानमन्त्री गणेश साह, नेपाल पत्रकार महासङ्घका अध्यक्ष गोविन्द आचार्य, आयोगका सदस्य रहेका विभिन्न विश्वविद्यायका उपकुलपति तथा प्राध्यापक र विभिन्न मन्त्रालयका प्रतिनिधिको सहभागिता थियो ।

---

### चल्न...

पुरा नगेसम्म गाडी नचलाउने बताउँदै आएका छन् । उनीहरुले गाडी मर्मतका लागि कर्जा उपलब्ध हुनुपर्ने, बैंकको ब्याज र किस्तालाई पुनःपूँजीकरण गर्नुपर्ने, चालक र सहचालकको स्वास्थ्य सुरक्षाको प्रबन्ध सरकारले मिलाउनुपर्ने लगायतका माग राखी बस सञ्चालन गरेका छैनन् ।

### मनसुनपछि...

मनसुनको अध्ययन विश्लेषण गर्दा मनसुन शुरु भएको ३० दिनको पहिलो अवधि बाढी पहिरोका हिसाबले डरलाग्दो हुने गरेको छ", उनले भने । बाढी पहिरोका जोखिमलाई दृष्टिगत गरी विपद् व्यवस्थापन प्रतिकार्य योजना बनाएर काम गरिरहेको जनाउँदै मन्त्रालयले विभिन्न स्थानमा राहत र उद्धार सामान व्यवस्थापन गोदाम र मानवीय सहायता केन्द्र स्थापना गरेको जनाएको छ ।

बाढी पहिरोबाट हालसम्म पर्वत, पाल्पा, बझाङ, गुल्मी, सिन्धुपाल्चोक, रुकुम, कास्की, जाजरकोट, दोलखा, सर्लाही, तनहुँ र सखुवासभा जिल्लामा जनधनको क्षति भएको छ । प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा अहिले एक अर्ब ८० करोड रकम मौज्दात रहेको सो अवसरमा जानकारी दिइयो ।भूकम्पले धाँजा बनाएको पहाड, लगातार धेरै वर्षात् र अवैज्ञानिक तवरमा हुने विकास निर्माणले बाढी पहिरोका घटनालाई बढाउन सहयोग पुऱ्याएको मन्त्रालयको भनाइ रहेको छ। बाढी पहिरोबाट धनजन क्षति भएका परिवारलाई भूकम्प पीडितलाई दिइएको राहत र सहयोगअनुरुपकै विधि र प्रक्रियाका आधारमा राहत उपलब्ध गराउने सरकारले तयारी गरेको छ ।

अवसरमा सांसदहरुले राहत र उद्धारका योजना राम्रा भए पनि कार्यान्वयन फितलो रहेकाले तीन तहकै सरकार र स्थानीय नागरिकको समन्वयमा प्रभावकारी राहत र उद्धारका कार्यक्रम गर्न सरकारलाई सुझाव दिए ।

गृहमन्त्री रामबहादुर थापाले प्राकृतिक प्रकोपका घटनापछिको राहत र उद्धारका लागि कानून, संरचना, नीति र योजना निर्माणलाई वस्तुवादी र वैज्ञानिक बनाइदै लगिएको बताए ।

### उच्च....

कर्णाली प्रदेशमा ४६ र सुदूरपश्चिम प्रदेशमा १६ जना छन् ।

देशभरका क्वारेन्टिनमा हाल २३ हजार ४७० छन् । आइसोलेशनमा रहेका कोरोना संक्रमित संख्या ६ हजार ६१३ छ । हालसम्म कोरोना संक्रमणबाट मृत्यु हुनेको संख्या ३८ पुगेको छ ।

हालसम्म प्रदेश नं १ मा एक जनाको पनि कोभिड-१९ का कारण मृत्यु भएको छैन भने प्रदेश नं २ मा चार, बागमती प्रदेशमा नौ र गण्डकी प्रदेशमा पाँच जनाको मृत्यु भएको छ । प्रदेश नं पाँचमा १० जना, कर्णाली प्रदेशमा चार र सुदूरपश्चिम प्रदेशमा छ जनाको मृत्यु भइसकेको छ ।

नेपालमा ५०० भन्दा बढी संक्रमित महोत्तरी, रौतहट, कैलाली र बाजुरामा छन् । हाल संक्रमित नरहेको जिल्ला धनकुटा, भोजपुर, मनाङ, मुस्ताङ र हुम्ला गरी पाँच रहेका छन् ।

काठमाडौं उपत्यकामा संक्रमितको संख्या बढिरहेकाले अस्पताल, बैंक लगायतका स्थान सजगता अपनाउन आग्रह गरिएको छ । जिल्ला जिल्लामा क्वारेन्टिनमा रहेका व्यक्ति घर फर्किएकाले त्यहाँ रहेका सामग्री र फोहरको उचित व्यवस्थापन गर्नुपर्ने मन्त्रालयले जनाएको छ ।

**निजीलाई अनुमति**

सरकारले छ वटा निजी प्रयोगशालालाई कोभिड-१९ को पिसिआर परीक्षणको अनुमति दिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालय राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले मापदण्ड पुगेका छ निजी प्रयोगशालालाई पिसिआर परीक्षण गर्न अनुमति दिएको प्रयोगशालाका सूचना अधिकारी राजेशकुमार गुप्ताले जानकारी दिए ।

उनका अनुसार स्टार अस्पताल काठमाडौं, काठमाडौं मेडिकल कलेज काठमाडौं, सेन्ट्रल डाइग्नोस्टिक ल्याब्रोटोरी काठमाडौं र सूर्या हेल्थ केयर सेन्टर छन् । उपत्यकाका बाहिर नेशनल प्याथल्याब बुटवल र वागेश्वरी प्रयोगशाला कोहलपुर बाँकेले अनुमति पाएका छन् ।

प्रयोगशालाले पिसिआरको परीक्षणको दायरा बढाउनका लागि गत जेठ २२ गते इच्छुक निजी प्रयोगशालालाई प्रस्ताव आह्वान गरेको थियो । उक्त प्रस्तावमा १९ वटा प्रयोगशालाले आफूले पिसिआरको परीक्षण गर्न प्रस्ताव दर्ता गराएका थिए ।

### "नेपालीको ...

त्यसमा अमेरिकाको रोजगारीमा ४३ प्रतिशतले कमी आउन सक्ने उल्लेख छ । नेपाली कामदारहरुले पाइरहेको खाडी तथा मलेसिया र जापानसमेत रहेको एशिया प्यासिफिक क्षेत्र बढी जोखिमपूर्ण अवस्थामा देखिएको आईएलओको आँकलन छ ।

विशेष गरी होटललगायत सेवा, खाद्य उत्पादन तथा उद्योग लगायतका क्षेत्रमा धेरै रोजगारी गुम्ने आँकलन छ । आईएलओको यसअघिको प्रतिवेदनमा कामदारले रोजगारी गुमाउने प्रकृति र तरिका फरक-फरक रहेको उल्लेख थियो ।

अन्तर्राष्ट्रिय मुद्रा कोषको भनाइ पनि आईएलओको प्रतिवेदनसँग मिल्दो जुल्दो देखिएको छ । धेरैले पाइरहेको काम भन्दा एक तह तलको काम पाउने र अन्यले कार्य घण्टामा कटौती गर्नुपर्ने बताइएको छ ।

# एन्फा कास्कीमा अनियमितता छ : छानविन समिति

**पोखरा, मस–** कास्की जिल्ला फुटबल संघका अध्यक्ष मिलन गुरुङको एन्फा कास्कीमा भएको अनियमितता बारे छानविन गरिरहेका अखिल नेपाल फुटबल संघ

(एन्फा) का उपाध्यक्ष एवम छानविन समितीका संयोजक विर बहादुर खड्काले कारवाहीका प्रयाप्त आधार रहेको बताएका छन् ।

छानविन सकिए लगतै पोखरामा आयोजित पत्रकार सम्मेलनमा उपाध्यक्ष खड्काले यस्तो बताएका हुन् । केही कर्मकाण्डी जस्तो देखिएको पत्रकार सम्मेलनमा उनले अध्यक्ष गुरुङविरुद्ध अनियमितता प्रयाप्त आधारहरु रहेकोले नै आफुलाई छानविनको जिम्मेवारी सुम्पिएको बताउँदै भने-'यदि सवै राम्रो हुन्थ्यो भने म यहाँ छानविन गर्न आउन पर्ने नै थिएन, न त छानविनका लागि समिती नै गठन गर्नु पर्थ्यो ।' 'यहाँ घोटाला भएका



प्रशस्त प्रमाणहरु छन्, जसलाई हामीले प्रतिवेदनमा लिपीवद्ध गरेका छौं, कारवाही गर्ने अधिकार केन्द्रीय समितीमा निहित छ, हामी कोही व्यक्ति विशेषलाई बचाउन पोखरा आएका होइनौं' उनले भने ।

एन्फाले ६ वटा विषयमा छानविनका लागि पठाएको प्रष्ट पार्दै उपाध्यक्ष खड्काले त्यसमा छानविन गरिएको जानकारी दिए ।

अहिले नै प्रतिवेदन सार्वजनिक अधिकार आफुहरुसँग नरहेको बताउँदै उनले कास्की आफु उपाध्यक्षको नाताले एन्फा कास्कीलाई १५ दिन भित्र साधारण सभा गर्न र अडिट समेत सम्पन्न गर्न निर्देशन दिएको बताए ।

कास्कीमा गत वर्ष सम्पन्न रेफ्री प्रशिक्षणमा समेत भएको अनियमितता बारे छानविन टोली संग सबैले जिज्ञासा राखेकोले केन्द्रबाट खटिएका रेफ्रिका संयोजक किरण गिरीसंग पनि यसबारे सोधपुछ गरिने बताए ।

छानविन समितीका सदस्य विष्णु पराजुलीले समेत एन्फा कास्कीमा धेरैनै कमि कमजोरी रहेको औंल्याएका छन् ।

दुई दुई वर्ष सम्म साधारण सभा नहुनु, संस्था नविकरण समेत नगरिनु, कुनै पनि विल भर्पाइहरु नियमसंगत रुपमा नराख्नु र त्यस बारे एन्फा केन्द्र बेखवर बन्नुले अनियमितता हुनु स्वाभाविक रहेको छानविन टोलीमा अडिटरको भुमिकामा रहेका उनले जनाए ।

उनले कुनै पनि संस्था नविकरण र साधारण सभा नभईकन कसरी अगाडी बढ्न सक्छ भन्ने प्रश्न गर्दै एन्फा कास्कीमा धेरै गलत कुराहरु हावी रहेको बताए ।

# बुल्गेरियामा चार दिनदेखि सरकारविरोधी प्रदर्शन

**सोफिया, एफपी–** पूर्वी युरोपेली मुलुक बुल्गेरियामा चार दिनदेखि लगातार सरकार विरोधी प्रदर्शन जारी छ । प्रदर्शनकारीले मुलुकमा भ्रष्टाचार बढेको जनाउँदै बुल्गेरियाको अनुदारवादी सरकारको राजीनामा माग गरेका छन् । आइतबार राजधानी सोफियामा भेला भएका तीन हजारभन्दा बढी प्रदर्शनकारीले सरकारी मुख्यालयका साथै संसद् भवनसम्म नाराजुलुससहित पैदलयात्रा गरेका थिए । उनीहरुले बुल्गेरियाको वर्तमान सरकार 'माफिया' को चंगुलमा फसेको आरोप लगाएका थिए । सरकार विरोधी प्रदर्शन चर्किएसँगै सुरक्षा व्यवस्था कडा बनाउन सुरक्षा फौजलाई सरकारी कार्यालयहरु र संसद भवनमा तैनाथ गरिएको छ ।

यसैबीच, राष्ट्रपति रुमेन राडेभका कानुनी मामिला तथा भ्रष्टाचार नियन्त्रण सम्बन्धी सचिव एवम् सुरक्षा र रक्षा सल्लाहकारलाई पक्राउ गरी उनीहरुका कार्यालयमा छामा मारिएको छ । उनीहरुमाथि राज्यका गोपनीय सूचना चुहाएको आरोपमाथि पनि छानबिन शुरु भएको छ ।

सरकार विरोधी प्रदर्शन आइतबार देशका अरु दश वटा शहरमा पनि भएको थियो । बुल्गेरियाका राष्ट्रपति



राडेभले प्रधानमन्त्री बोयको बोरिसोभका मन्त्रिमण्डलमाथि पनि आक्षेप लगाउने गर्नु भएको छ । उनले मन्त्रिपरिषदका सदस्यहरुको चारित्रिक स्थिति कमजोर रहेको बताउँदै आएका छन् । प्रधानमन्त्री बोरिसोभले शनिबार राजीनामा गर्न अस्वीकार गरेका थिए । तर प्रदर्शनमा सहभागीले उहाँको राजीनामाको माग गर्दै दश लाख हस्ताक्षर अनलाइनबाट प्रेषण गरिएको छ । संसद्मा मुख्य विपक्षी समाजवादी पाटीले सरकार विरुद्ध आगामी बुधबार अविश्वासको प्रस्ताव दर्ता गरिने बताएको छ । समाजवादीले आफ्नो पक्षमा समर्थन जनाउन अपिल गरेका छन् ।

शुक्रबारको प्रदर्शन भने केही हिंसात्मक पनि भएको थियो । प्रहरीले १८ जना प्रदर्शनकारीलाई गिरफ्तार गरेको थियो जसमा प्रहरीको कुटाईबाट घाइते भएका दुई जनालाई अस्पताल भर्ना गर्नु परेको थियो ।

प्रदर्शनकारीमाथि दमन गरेको भन्दै शनिबार अझ बढी मानिस प्रदर्शनमा सहभागी भएका थिए । युरोपेली युनियनमा आबद्ध भएको तेह्र वर्ष बितेको भए पनि बुल्गेरियाको आर्थिक अवस्था अत्यन्त नाजूक छ । ट्रान्सपरेन्सी इन्टरनेसनलले बुल्गेरियामा युरोपेली युनियनमै सबैभन्दा बढी भ्रष्टाचार हुने गरेको जनाएको छ ।

# चीनमा बाढीले धेरै जनधनको क्षति



**बेइजिङ, एएनआई–** चीनमा आएको भिषण बाढीका कारण व्यापक जनधनको क्षति भएको बताइएको छ । यहाँका १४१ जना व्यक्तिको निधन भएको या हराएको बताइएको छ । तीमध्ये केही व्यक्ति मारिएका र केही बेपत्ता भएका हुनसक्ने बताइएको छ ।

यो बाढीका कारण तीन करोड ८० लाख व्यक्ति प्रभावित भएका बताइएको छ । चीनका विभिन्न ठाउँमा हालैको अविरल वर्षापछि बाढी आएको हो ।

चीनका २७ स्थानमा बाढीले जनजीवन प्रभावित पारेको बताइएको छ । यहाँ पछिल्ला केही दिनमा आएको यस बाढीबाट २२ लाखभन्दा बढी नागरिकलाई उद्धार गरिएको छ ।

चीनको याङ्चेसहितका कैयौं नदीमा पानीको सतह बढेपछि बाढी आएको बताइएको छ । बाढीका कारण यहाँका ठूलो संख्याका नागरिक गएको कम्तीमा एक हप्तादेखि नराम्ररी प्रभावित भएका बताइएको छ ।

बाढीका यहाँका २८ हजार भन्दा बढी घर बगाएको या क्षति पुऱ्याएको छ । यसबाट यहाँको ११ अर्ब अमेरिकी डलर बराबरको क्षति पुगेको बताइएको छ । बाढीको त्रास बढ्दै गएपछि चिनियाँ राष्ट्रपति सि चिनफिङले सबै नागरिकलाई आवश्यक मात्रामा सतर्कता अपनाउन आग्रह गरेका छन् ।

# बोलिभियाका अर्थमन्त्रीलाई कोरोना सङ्क्रमण

**लापाज, एएफपी**-बोलिभियाका अर्थमन्त्री ओस्कार ओर्टिजलाई कोरोना भाइरस सङ्क्रमण भएको छ । कोरोनाभाइरसबाट सङ्क्रमित उहाँ बोलिभियाका चौथो मन्त्री हुन् । बोलिभियामा यसअघि स्वास्थ र खनिज मन्त्री कोरोना सङ्क्रमित हुनु भएको थियो । साथै बोलिभियाका अन्तरिम राष्ट्रपति पनि कोरोनाभाइरस सङ्क्रमण पुष्टि भएपछि क्वारेन्टिनमा छन् ।

अर्थमन्त्री ओर्टिजका चिकित्सकहरुले उहाँलाई अस्पतालमा भर्ना गरेका र त्यहाँ उपचार जारी रहेको छ । बोलिभियामा हालसम्म ४७ हजारभन्दा बढी व्यक्ति कोरोना सङ्क्रमित भएका र एक हजार ७५४ जनाको मृत्यु भएको छ ।

# ब्राजिलमा कोरोना भाइरसबाट ७२ हजारको मृत्यु



**ब्रासिलिया, एएनआई–** ब्राजिलमा कोरोना भाइरस (कोभिड १९) बाट सङ्क्रमित हुनेको संख्या दिनप्रतिदिन बढ्दो रहेको देखिएको छ । साथै यहाँ पछिल्ला हप्ताहरुमा यस सङ्क्रमणबाट ज्यान जाने व्यक्तिको संख्यामा पनि बृद्धि भइरहेको प्राप्त तथ्यांकमा देखिएको छ । यहाँको स्वास्थ्य मन्त्रालयले दिएको पछिल्लो तथ्यांकअनुसार यहाँ यस सङ्क्रमणबाट ज्यान जाने व्यक्तिको संख्या कम्तीमा पनि ७२ हजार पुगेको बताइएको छ । ब्रालिजमा पछिल्लो २४ घन्टायतामात्र ६३१ जनाको ज्यान गएको ब्राजिलको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

ब्राजिलको स्वास्थ्य मन्त्रालयका अनुसार अहिलेसम्म ब्राजिलमा कोरोना भाइरसबाट सङ्क्रमित हुनेको संख्या १८ लाख ६४ हजार जना पुगेको छ । पछिल्लो २४ घण्टा यता मात्र ब्राजिलमा २४ हजार ९३१ जना नयाँ सङ्क्रमित फेला परेका हुन् ।

त्यस्तै ब्राजिलमा कोरोना भाइरसबाट मृत्यु हुनेको संख्या पनि ७२ हजार १०० पुगेको छ । पछिल्लो २४ घण्टामा मात्र ब्राजिलमा कोरोना भाइरसका यतिधेरै सङ्क्रमित थपिएका छन् ।

त्यस्तै गएको २४ घन्टामा ६३१ जनाको मृत्यु भएको अधिकारीहरुले जानकारी दिएका छत् ।

गएको शनिबारमात्र यहाँ ३९ हजार जना नयाँ सङ्क्रमित थपिएको जनाएको थियो । एकै दिनमा यहाँ यति धेरै सङ्क्रमित थपिनुका साथै एक हजार ७१ जनाको ज्यान गएको थियो ।

त्यसैगरी शुक्रबार मात्र यहाँका करिब एक हजार २०० जनाको एकैदिनमा निधन भएको बताइएको छ । यहाँ पछिल्लो समयमा नयाँ सङ्क्रमितका साथै मृत्यु हुनेको संख्यामा पनि बृद्धि भइरहेको छ ।

ब्राजिलको सबैभन्दा ठूलो सहर साओ पाउलोले बार, रेस्टुरेन्ट, ब्युटीपार्लर, सैलुन खोल्ने तयारी गरिरहेको अवस्थामा ब्राजिलमा कोरोना भाइरसका सङ्क्रमितको संख्या १८ लाख नाघेको हो ।

उता रियो दि जेनेरियोमा भने यसै हप्तामात्र बार र रेष्टुरेन्ट खुलिसकेका छन् । ब्राजिल अमेरिकापछि कोरोना भाइरसबाट सबैभन्दा धेरै प्रभावित हुने मुलुक हो ।


## स्कुटर हराएको सूचना

मिति २०७६।११।२१ गते जि. काठमाडौं ता.न.पा. १६ (गुम्बा) साथिको घर अगाडी पार्किङ गरेर राखेको ठाउँबाट बा ६९ प ३०६ नं. को रातो रङ्गको यामाहा Rayz स्कुटर हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरीदीनु हुन बिनम्र अनुरोध गर्दछु ।

सवारी धनी : गोकर्ण न्यौपाने
ठेगाना : जि. काठमाडौं ता.न.पा. १६ (गुम्बा)
च्यासिस नं: ME15E7785F0015553
इन्जीन नं : E3N6E0031564
सम्पर्क : ९८०८७०३०९६

## मोटरसाइकल हराएको सूचना

मिति २०७६।११।०३ गते दिउसो ०३:५५ बजे का.जि. गोकर्णेश्वर न.पा.०५ काठमाण्डौ स्थित ए.वन.क्याफेको पार्किङबाट लु ५१ प ४१३६ नं. को कालो/रातो रङ्गको पल्सर, १५० सि.सि.को मोटरसाइकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरीदीनु हुन बिनम्र अनुरोध गर्दछु ।

सवारी धनी : बच्चुराम के.सि
ठेगाना : का.जि.कागेश्वरी मनोहरा नपा-४,थली
च्यासिस नं: MD2A11CY2KPG-34958
इन्जीन नं : DHYRKG-90908
सम्पर्क : ९८४१४०५४९६


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६९/०१/२२ मा दर्ता भएको **प्रा.लि. नं. ९९९१७** को **ओशो इन्टरनेशनल ट्राभल एण्ड टुर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७७/०३/२८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (क) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७४/०२/१० मा दर्ता भएको **प्रा.लि. नं. १६८७४२** को **लाजिम्पाट स्पा एण्ड ब्युटी होम प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७७/०३/२८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (क) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

Government of Nepal
Ministry Of Physical Infrastructure and Transport

## Department Of Roads

Federal Road Supervision &MoniteringOffice

## North South(MulghatDovanOlangchuggola) Road Project

Phungling, Taplejung

## Invitation, For Bids No. 4/2076/077

(Date of Publication:-2077-03-30)

1.North South(MulghatDovanOlangchuggola) Road Project,Taplejung invites online bids under e-procurement system from eligible bidders for the procurement of following works.

| S. N. | Contract Number | Description and Location of work | Estimate Amount without VAT (NRs) | Bid Security Amount (NRs.) | Fee for bid document (NRs.) |
|---|---|---|---|---|---|
| 1 | MDORP/33701 1744/076/77/23 | Maintainance of Roads Including Removal of Landslides, Construction of Earthen Drain, Stone Soling, Gravel, Road Surface Maintainance Works etc.at Dovan Olangchunggola & Tamor Corridor Roads | 8708325.84 | 250000.00 | 3000.00 |
| 2 | MDORP/33701 1694/076/77/24 | Maintainance of Roads Including Removal of Landslides, Construction of Earthen Drain, Stone Soling, Gravel, Road Surface Maintainance Works etc.at Madan Bhandari Marga, Suketar Pathivara Sadak & Different Roads | 8757912.96 | 250000.00 | 3000.00 |

2. Eligible bidders may obtain further information at the North South (Mulghat Dovan Olangchunggola) Road Project, Taplejung (Tel: 024-460580, email: torp.dor@gmail.com) or may visit PPMO,s website ***http//bolpatra.gov.np/egp***

3.**Deadline for Bid Submission and date of Bid Opening:**

| Deadline for Bid Submission | | Date of Bid Opening | |
|---|---|---|---|
| Date | Time | Date | Time |
| 2077/04/29 | 12:00 | 2077/04/29 | 13:00 |

4.Bidding documents available online and can be downloaded from e-GP system http//www.bolpatra.gov.np/egp interested bidders should register in e-GP system and deposit the cost of bidding document in the following specified bank.

| Name of Bank | Name ofthe Office | Office Code | Office Revenue Account No. | Revenue Head No. |
|---|---|---|---|---|
| Nepal Bank Ltd | North South (Mulghat Dovan Olangchunggola) Road Project | 337010101 | 00101000000001001001 | 14229 |

5. Online bids must be valid for a period of 90 days and must be accompanied by bid security which shall be valid for minimum 120 days after bid opening.A scanned copy of bid security should be uploaded in the e-GP system during bid submission.

**Information to deposit the Bid Security Amount**

| Name of Bank | Office Code | Account of Name | Deposit Account No. |
|---|---|---|---|
| Nepal Bank Ltd | 337010101 | Ko. Le. Ni. Ka.,Taplejung | 06202000000000000301 |

**6. All the contracts must be completed within the contract period. No provision of time extension for all the contracts.**

7. Pre-bid meeting shall be held at North South (Mulghat Dovan Olangchunggola) Road Project, Taplejung at 14:00 PM on 2077/04/20 (4August, 2020)

8.If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission

9.The employer reserves the right to accept or reject wholly or partly any or all bids without assigning reason, whatsoever.

**Project Chief**

म.क्षे.हु.नि.द.नं. ३३/०७६/०७७



गभर्नरले भने

# महामारीबाट प्रभावित आर्थिक क्षेत्रलाई उद्धार गरिने छ

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ असार



विश्व महामारी कोरोना संकटबाट प्रभावित क्षेत्रहरुलाई प्राथमिकताका आधारमा सहुलियत प्रदान गरी बचाइराख्ने नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले बताएका छन् । आज संघीय प्रतिनिधिसभाको अर्थ समितिमा भएको छलफलमा गभर्नर अधिकारीले कोरोना संकटबाट भएको क्षतिलाई न्यूनीकरण गर्ने हिसाबले आगामी मौद्रिक नीति ल्याउने बताए ।

समितिले आगामी मौद्रिक नीतिका विषयमा राष्ट्र बैंकका गभर्नर अधिकारीसँग सोमबार छलफल गरेको हो । कोडिभ १९ र त्यसको असरले समग्र अर्थतन्त्र प्रभावित भएको अवस्थामा समितिले आगामी मौद्रिक नीतिको उद्देश्यबारे समितिले छलफल गरेको हो । बैठकमा पूर्वअर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले आगामी आर्थिक वर्ष ०७७र७८ मा ७ प्रतिशत आर्थिक वृद्धिको आधारबारे गभर्नर अधिकारीलाई प्रश्न गरेका थिए । सरकारले ७ प्रतिशतको आर्थिक वृद्धि गर्ने लक्ष्य लिएको छ । आर्थिक वृद्धिको यो लक्ष्य कसरी हासिल हुन्छ ? राष्ट्र बैंकको सोच र लक्ष्य हासिल गर्न के के उपाय गर्दै छ', उनले भने । पूर्वमन्त्री एवं सांसद गोकर्ण विष्टले अनुत्पादन क्षेत्रमा सहज कर्जा पाउने तर उद्योग तथा रोजगारी सिर्जना गर्ने क्षेत्रमा सहज ढंगले कर्जा उपलब्ध नभएको भन्दै गभर्नर ध्यानाकर्षण गराए । छलफलमा अधिकारीले कोरोना संकटकै बीच आउनलागेको मौद्रिक नीतिमा मूल्य, बाह्य क्षेत्र तथा वित्तीय स्थायित्व कायम रहने गरी अर्थतन्त्र चलायमान बनाउने दिशामा अगाडि बढ्ने गरी आवश्यक व्यवस्था गरिने जानकारी दिएका हुन्। उनले भने, 'शीघ्र आर्थिक पुनरुत्थानको लागि वित्तीय साधनको उपलब्धता बढाउने दिशामा मौद्रिक नीति केन्द्रित रहनेछ।' मौद्रिक नीति तर्जुमा गर्दा विभिन्न क्षेत्रको राय तथा सुझावलाई मध्यनजर गरिने पनि उनको भनाइ थियो । गभर्नर अधिकारीका अनुसार मौद्रिक नीति बनाउँदा सरकारको १५औं योजना वित्तीय क्षेत्र विकास रणनीति, आव २०७७र०७८ को नीति तथा कार्यक्रम र बजेट, बैंकको तेस्रो रणनीतिक योजनासँग सामन्जस्यता कायम गरिनेछ। यसबाहेक आगामी मौद्रिक नीतिले सरकारले बजेटमार्फत लिएको आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न सहयोग पुग्ने गरी मौद्रिक तथा कर्जा व्यवस्थापन गर्नेछ। त्यस्तै आन्तरिक उत्पादन तथा रोजगारी प्रवर्द्धन हुने र उद्यमशीलता विकास हुने क्षेत्रमा वित्तीय स्रोत केन्द्रित गर्न जोड दिइने उनले बताए ।

त्यस्तै, मूल्य तथा बाह्य क्षेत्र स्थायित्वमा जोखिम नआउने गरी वित्तीय सहजीकरण गर्ने दिशामा समष्टिगत विवेकशील नियमनका उपाय अपनाउनुपर्ने अवस्था रहेको उनको भनाइ छ। वित्तीय मध्यस्थता लागत कम गर्न वित्तीय सुदृढीकरणका उपायहरुको रुपमा अवलम्बन गरिँदै आएको मर्जर तथा प्राप्तिलाई थप गति दिनेपर्ने अवस्था रहेको गभर्नर अधिकारीले बताए। त्यस्तै, डिजिटाइजेसनमार्फत नगदमा हुने कारोबार न्यूनीकरण गर्नु मौद्रिक नीतिको प्राथमिकता हुने उनले बताए ।

# आठबिसकोट नगरपालिकाको बजेट ९१ करोड

**अर्जुन बिष्ट/मध्यान्ह**
रुकुम पश्चिम, २९ असार




आठबिसकोट नगरपालिकामा आगामी आर्थिक वर्ष २०७७/०७८ का लागि ९१ करोड १४ लाख ७५ हजार रुपैयाँ बराबरको बजेट ल्याइएको छ। नगरपालिकाले आगामी आ.व.का लागि पुँजिगत खर्च तर्फ रु. ५२ करोड ७५ लाख ३३ हजार अर्थात ५७.८५ प्रतिशत बजेट बिनियोजन गरेको छ । नगरपालिकाको आठौं नगरसभामा उप(प्रमुख गीता नेपालीले आर्थिक बर्षको बजेट प्रस्तुत गरेकी हुन् ।

कुल विनियोजन बजेटमध्ये स्वास्थ्य क्षेत्रका लागि १३ करोड ४६ लाख ७५ हजार रुपैयाँ , शिक्षा,युवा तथा खेलकुदको क्षेत्रमा ३३ करोड ३२ लाख ७० हजार २ सय रुपैयाँ, कृषितर्फ ६ करोड २७ लाख रुपैयाँ , विपत व्यवस्थापनतर्फ २० लाख रुपैयाँ, पूर्वाधार विकासका लागि १७ करोड ३० लाख रुपैयाँ, उद्योगतर्फ ६ करोड २७ लाख रुपैयाँ बजेट छुट्याइएको छ ।

आर्थिक बर्षको बजेटमा सबैभन्दा बढी शिक्षा क्षेत्रमा रकम बिनियोजन गरिएको नगर प्रमुख गोर्ख बहादुर केसीले मध्यान्ह राष्ट्रिय दैनिकलाई जानकारी दिए । प्रमुख केसीका अनुसार शिक्षामा मात्रै अघिल्लो बर्षकोभन्दा झण्डै १० करोड बढी रकम बिनियोजन भएको छ । मेयर केसीले भने, 'शिक्षाको पहुँचलाई फराकिलो बनाउनका लागि हामीले शिक्षा लक्षित र शिक्षामा सबैभन्दा बढी प्राथमिकता दिएका छौं ।' समग्रमा कृषि, ब्यापार, उद्योग लगायतका पुर्वाधार विकासका लागी समानान्तर बजेट छुट्याइएको नगर प्रमुख केसीको भनाइ छ ।

स्थानीय सरकारले असार पहिलो सातामै बजेट पारित गरिसक्नुपर्ने भएतापनि विविध कारणले आठबिसकोट नगरपालिकाले असार २८ गते आइतबार आर्थिक वर्षको बजेट प्रस्तुत गरेको हो ।

# हिमालय एयरलाइन्सको उद्धार उडान तालिका सार्वजनिक




**काठमाडौं/मस**-हिमालय एयरलाईन्सले विभिन्न देशमा अलपत्र परेका नेपालीलाई उद्धार उडानको समयतालिका सार्वजनिक गरेको छ । कम्पनीले जुलाई १५ देखि २१ सम्मका लागि उद्धार उडान गर्नेगरी तालिका सार्वजनिक गरेको हो । कम्पनीले १५ तारिख अर्थात बुधबार मात्रै ३ उद्धार उडान गर्ने बताएको छ । उक्त दिन कम्पनीले युएईको अवुधावीमा उडान गर्ने जानकारी दिएको छ । यस्तै कम्पनीले साउदी अरेबियाको रियादमा १६ र २० तारिखमा उद्धार उडान गर्ने भएको हो । साथै पुनः दमाम र साउदी अरेबीयामा १६ र २० तारिखमा ३ ओटा उडान भर्ने भएको हो । यस्तै कम्पनीले दोहा, बहराईनको मनामा, मलेशियाको क्वालालम्पुरमा समेत उद्धार उडान गर्ने जानकारी दिएको छ । कम्पनीले उक्त स्थानहरुबाट उद्धार गर्नका लागि भाडादर पनि सार्वजनिक गरेको छ । कम्पनीले नेपाल सरकारको अनुमतिमा स्वास्थ्यसम्बन्धी विभिन्न उपायहरु अपनाएर मात्रै उद्धार उडान गर्ने बताएको हो ।

# कुमारी बैंक र जोन्टा क्लबबीच सहकार्य

**काठमाडौं/मस**-कुमारी बैंक लिमिटेडले जोंटा क्लब काठमाडौं नेपाल नामक एक गैरसरकारी, परोपकारी संस्थालाई सहयोग गरेको छ । उक्त संस्थाले समाजमा लैङ्गिक भेदभाव, अत्याचार एवं हिंसाको विरुद्धमा आवाज उठाउने लगायत महिलाहरुको हकअधिकारका सम्बन्धमा विभिन्न क्रियाकलाप तथा कार्यक्रमहरु संचालन गर्दै आएको छ । यस सेवा-उन्मुख संस्थाको मुख्य उद्देश्य महिला हकअधिकार, सशक्तिकरणका मुद्दामामिलाहरुमा स्थानीय, राष्ट्रिय तथा अर्न्तराष्ट्रिय सरोकारवालाहरुको ध्यानाकर्षण गर्दै उनीहरुको क्षमता अभिवृद्धि गर्दै लैजानु रहेको छ । यस संस्थाका प्रसंशनीय कार्यहरुको कदर र सम्मान स्वरुप उक्त सहकार्य गरिएको बैंकका पधादिकारीले जानकारी दिए । कुमारी बैंकको टंगालस्थित प्रधान कार्यालयमा एक संक्षिप्त कार्यक्रममाझ बैंकका वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृत अनुज मणि तिमिल्सिना ज्यूले जोंटा क्लब काठमाडौं नेपालकी अध्यक्ष सीमा गोल्छा ज्यूलाई सहयोग रकम रु ७ लाखको चेक हस्तान्तरण गरेर गरे ।

# प्रभु क्यापिटल र समृद्धि क्यापिटल गाभिए

prabhu CAPITAL

**काठमाडौं/मस**-पूंजी बजारमा मर्चेन्ट बैंकरको रुपमा कार्यरत प्रभु क्यापिटल लिमिटेड र समृद्धि क्यापिटल लिमिटड एक आपसमा गाभिई आजका मितिबाट प्रभु क्यापिटल लिमिटेडको नामबाट एकिकृत कारोबारको शुभारम्भ भएको छ । सोमबार एक कार्यक्रम गरेर दुवै संस्थाले प्रभु क्यापिटल लिमिटेडको नामबाट एकिकृत कारोबार शुरु गरेका हुन । उदघाटन समारोहलाई सम्बोधन गर्दै कार्यक्रमका प्रमुख अतिथि नेपाल धितोपत्र बोर्डका अध्यक्ष भिष्मराज ढुङ्गानाले दुवै कम्पनी मर्ज भई एकिकृत कारोबार गरेको उपलक्ष्यमा बधाई तथा शुभकामना ज्ञापन गर्दै नेपाली पूँजी बजारमा मर्जर पछिको प्रभु क्यापिटलले गुणस्तरीय सेवा प्रदान गरी पूँजीबजारमा महत्वपूर्ण योगदान दिनेछ भन्ने विश्वास लिएको बताए । आफ्नो क्षमता र योग्यता देखाउन सक्ने संस्था मात्र बजारमा रहन सक्ने वास्तविकता औल्याउँदै प्रभु क्यापिटलले पक्कै पनि पूँजी बजारमा आफ्नो दरिलो स्थान बनाउने विश्वास लिएको बताए । उनले नेपालमा सेक्युरिटाइजेसनको अवधारणा नभएको हुँदा धितोपत्र बोर्डले यसतर्फसमेत ध्यान दिइरहेको बताउनुका साथै विशिष्टिकृत योजनामा विदेशी लगानी समेत भित्र्याउन सकिने व्यवस्था गरेको कुरा बताउँदै क्यापिटलहरु अझ बढि श्रृजनशील हुनुपर्ने बताए ।

कार्यक्रममा तत्कालिन समृद्धि क्यापिटल लिमिटेडका अध्यक्ष एलपि भानु शर्माले पूँजी बजार व्यक्तिमात्रै नभई समाज नैं बन्ने मेलो भएको कुरालाई जोड दिदै ठूला ठूला संस्थाहरु नबनिकन देश बन्दैन भन्दै नेपाल धितोपत्र बोर्डले नियामकीय दायरा फराकिलो बनाईदिन आग्रह गरे । विशेष अतिथि तथा प्रभु ग्रुपका अध्यक्ष देवीप्रकाश भट्टचनले कोभिड १९ को महामारीको कारण भएको आर्थिक मन्दिको वातावरणमा धितोपत्र बोर्डको अध्यक्षमा नियुक्त भएका भिष्मराज ढुंगानाको कार्यकालमा नेपाली पूँजी बजारले विषम परिस्थिति भोगेको भएतापनि स्थाई सरकार भएको हुँदा आउने दिनमा थप परिस्कृत भई नयाँ उचाई छुनेछ भन्ने विश्वास लिएको बताए । उनले देशको राजनीतिक अवस्थाले आर्थिक क्षेत्रमा प्रभाव पर्ने बताउँदै आर्थिक क्षेत्रको विकासका लागि स्थीर सरकार र आर्थिक क्षेत्र प्रति सकारात्मक र बलियो धारणा राख्ने सरकार हुनुपर्ने बताए ।

कार्यक्रमको अध्यक्ष तथा मर्जर कमिटिका संयोजक रहेका तत्कालिन प्रभु क्यापिटलका अध्यक्ष बिनोद थकालीले प्रभु ब्राण्ड नेपालभित्र मात्रै नभएर संसारभर फैलिइरहेको अवस्थामा 'इतिहास रच्दै..अघि बढ्दै..प्रभु क्यापिटल' भन्ने नाराका साथ प्रभु क्यापिटल लिमिटेड अगाडि बढेको बताए । उनले मर्जरपश्चात क्यापिटलको अधिकृत पूँजी १ अर्ब र चुक्ता पूँजी रु.८१.७१ करोड भई ठूलो आकारको पूँजीसहित एक सवल संस्थाको रुपमा प्रतिष्पर्धी सेवा प्रदान गर्दै पूँजी वजारको विकासलाई टेवा पुयाउने उद्देश्य सहित मर्जर गरिएको बताउँदै मर्जरको उद्देश्य प्रष्ट पारे ।

# उर्जा बचत कार्य गरे वापत रावा बैंकद्धारा विभिन्न कम्पनीलाई अनुदान रकम हस्तान्तरण

**काठमाडौं/मस**-राष्ट्रिय वाणिज्य बैंकद्धारा जर्मन सरकारको सहयोगमा संचालित ईनर्जी ईफीसियन्सी प्रोग्राम नेपालले विभिन्न कम्पनीलाई अनुदान रकम हस्तान्तरण गरेको छ । कम्पनीको अनुदान सहयोग कार्यक्रम अर्न्तगतअशोक स्टील इन्डस्ट्रिज प्रा.लि.लाई एक करोड रुपैंया, सीताराम गोकुल मिल्क्स लाई २० लाख एक हजार एक सय एकतीस रुपैंया, गोयन्का स्टील प्रा.लि. लाई पांच लाख ६० हजार चार सय रुपैंया रकम प्रदान गरिएको हो । मितव्ययी तथा प्रभावकारी उर्जा बचत हुने गरी यन्त्र उपकरण जडान गरेको हुंदा स्विकृत अनुदान कार्यविधि अनुसार अनुदान सहयोग सम्झौता आदान प्रदान तथा अनुदान रकमको चेक सोमबार एक समारोहका बिच हस्तान्तरण गरिएको हो । बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले चेक हस्तान्तरण गर्दै अन्य उद्योगहरुलाई उर्जा बचत गर्ने कार्यमा लगानी गरी यस कार्यक्रममा सहभागी हुन आव्हान गरे । उनले अन्य बैंकको तुलनामा रा.वा.बैंकको आधार दर ६ दशमलव ७ प्रतिशत) कम भएकाले कर्जा सुविधा लिन पनि आव्हान गरे । नेपाल सरकार र जर्मन सरकार बिच सन् २०१० मा नेपालको औद्योगिक तथा ब्यापारिक क्षेत्रमा मितव्ययी तथा प्रभावकारी उर्जा बचत गर्ने सम्झौता बमोजिम राष्ट्रिय वाणिज्य बैंकले ईनर्जी ईफीसीएन्सी कार्यक्रमा योजना कार्यन्वयनको लागि पीईएको रुपमा सहायता सम्बन्धि कार्य गर्ने गरेको छ । यस आयोजना अन्तर्गत नेपालमा संचालित ठूला, साना तथा मझौला उद्योग र फर्महरुलाई मितव्ययी तथा प्रभावकारी उर्जा बचत हुने गरी यन्त्र उपकरण जडान गर्दा जर्मन सहायताबाट प्राप्त हुने रकमबाट लागतको १५ देखि ३९ प्रतिशत सम्म अनुदान रकम राष्ट्रिय वाणिज्य बैंक मार्फत उपलब्ध गराइने छ । यस आयोजना अन्तर्गत कुनै एक ईकाइले मितव्ययी तथा प्रभावकारी उर्जा बचत हुने गरी यन्त्र उपकरणमा लगानी गरेमा स्विकृत अनुदान कार्यविधि भित्र रही अधिकतम रु. १ करोड सम्मको सहायता रकमका लागि दरखास्त दिन पाइनेछ ।

# लक्ष्मी बैंकको ५औं एक्स्टेन्सन काउण्टर राजविराज जिल्ला अदालतमा

**काठमाडौं/मस**-लक्ष्मी बैंकले आफ्नो शाखा संजाल विस्तार गर्ने क्रममा आफ्नो ५औं एक्स्टेन्सन काउण्टरराजविराजकोजिल्ला अदालतमासंचालनमा ल्याएको छ । उक्त शाखा मार्फत बैकंले ग्राहकहरुको वित्तीय आवश्यकता पुरा गर्न आवश्यक सम्पूर्ण रिटेल बैकिंग सेवाका साथै साना तथा लघु व्यवसायीहरु माझ वित्तीय पहुँच पुऱ्याउने लक्ष्य राखेको छ । यो नयाँ एक्स्टेन्सन काउण्टरको स्थापनाको साथै लक्ष्मी बैंकको संजाल ४८ जिल्लामा १२१ शाखा, ५ एक्स्टेन्सन काउण्टर, ४ हस्पिटल सेवा काउन्टर, १५१ एटिएम, २५०० भन्दा बढि रेमिटेन्स् एजेन्ट तथा ६१ शाखा रहित बैंकिङ्ग एजेन्टहरु पुगेको छ । यो शाखाको साथ लक्ष्मी बैंकले आफ्नो सेवा अझ सुदृढ अनि व्यापक बनाउने विश्वास राखेको छ । सुविधाजनक बचत खाता योजना, मुद्दती निक्षेप योजना, घर तथा सवारी कर्जा, सानाव्यवसायी कर्जा, लघुवित्त, लगायतका वित्तीय सेवाहरुको बढ्दो मागलाई पूरा गर्न बैंकले नयाँ तथा वित्तीय पहुँच नपुगेका क्षेत्रहरुमा सक्रिय रुपमा सेवा विस्तार गर्दै आएको छ । यो शाखाको विस्तार सँगै बैंकले ग्राहकहरुलाई उनीहरुकै रोजाईको माध्यम अर्थात शाखा कार्यालय, ए.टि.एम., इन्टरनेट बैंकिङ्ग वा मोवाईल बैंकिङ्ग सेवा प्रदान गरी शहरी तथा अर्ध शहरी क्षेत्रमा आफ्नो ब्राण्ड तथा ग्राहक महानुभावलाई अझ सशक्त पार्ने नीति अनुरुप महत्वपूर्ण फड्को मार्ने विश्वास लिएको छ ।

# ग्लोबल आइएमई बैंकद्वारा बाग्मती प्रदेशलाई १० लाख सहयोग




**काठमाडौं/मस**-ग्लोबल आइएमई बैंकले कोरोना रोकथाम तथा नियन्त्रणका लागि बाग्मती प्रदेश सरकारलाई १० लाख रुपैयाँ सहयोग गरेको छ ।आइतबार एक कार्यक्रमकाबीच बैंकका शाखा प्रबन्धकहरु नारायण प्रसाद पौडल, लक्ष्मण पौडल र दिपेन्द थापाले संयुक्तरुपमा बाग्मती प्रदेश सरकारका मुख्यमन्त्री डोरमणी पौडेललाई उक्त रकमको चेक हस्तान्तरण गरेका हुन् ।कोभिड(१९ ले विश्व समुदायलाई त्रसित बनाइरहेको अवस्थामा नेपाल र नेपाली उच्च जोखिममा रहेको यस घडीमा यस योगदानबाट यो भाईरस विरुद्व लड्न थप प्रेरणा र सहयोग हुने बैंकको विश्वास रहेको छ ।स्थापनाकालदेखि नै दैवी तथा अन्य विपत्तीको अवस्थामा आफनो सामाजिक उत्तरदायित्वलाई प्राथमिकतामा राखेर विभिन्न कार्यहरुमा सहयोग गर्दै आएको बैंकले आगामी दिनहरुमा समेत यस्तो सहयोगलाई निरन्तरता दिँदै जानेछ ।

विज्ञापन रकम भुक्तानीबारे

अत्यन्त जरुरी सूचना

यस **मध्यान्ह मिडिया प्रा.लि.**मार्फत विभिन्न पत्र पत्रिकामा विज्ञापन प्रकाशन गरी कारोबार गर्दै आउनुभएका **विज्ञापनदाताहरु**ले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम यही **मिति २०७७ असार मसान्त**भित्र भुक्तानी गर्नुहुन पुन सूचित गरिन्छ ।
अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **मध्यान्ह मिडिया प्रा.लि.** को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको सुबिधासमेत उपलब्ध नगराइने तथा रकम भुक्तन नगर्ने कम्पनी/संस्थाहरुको नाम सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून बमोजिम कार्बाही समेत अगाडी बढाइने व्यहोरा यसै सूचनामार्फत जानकारी गराइन्छ ।

लेखा शाखा
मध्यान्ह मिडिया प्रा.लि.
बागबजार, काठमाडौं
फोन नं. : ४२२६३६६, ४२२८२९८

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको
facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरूलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews Janatapati Janatapati

प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: मदनकुमार श्रेष्ठ